# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-४४ | २०७७ जेष्ठ २८ गते बुधबार | 10 June 2020 Wednesday | मूल्य रू. १०/-

## स्वास्थ्य सन्देश फैलाउदै गाउँमा माईकिङ

**मिसन न्यूज**

**कालिकोट**

जिल्लाको तिलागुफा नगरपालिकामा माईकमार्फत बालबालिका स्याहार सम्बन्धि सचेतना दिने गरिएको छ। सेभ चिल्डेन र भिडिसेफ नेपालको साझेदारीमा संचालित शुभारम्भ परियोजनाको सहयोग तथा तिलागुफा नगरपालिकाको समन्वयमा नगरका ९ वटै वडाहरुमा बालबालिकाको स्याहार सम्बन्धि सचेतना माईकमार्फत दिन थालिएको हो।

बिश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाईरसका कारण सरकारले गरेको निरन्तर लकडाउने सबै बालबालिका घरमै रहेका बेला उनीहरुको स्याहारमा अभिभावकहरुले ख्याल गर्नु पर्ने कुराहरु माईकिङ गरेर जानकारी दिने गरिएको नगरपालिका प्रमूख रतनबहादुर शाहीले बताए । उनले भने, लकडाउनले घरमै बसेका बालबालिकाको खानपिन र स्यहारको ख्याल गरी कुपोषणको समस्या न्यूनिकरण गर्ने लक्ष्य रहेको छ । त्यसै लक्ष्यलाई पुरा गर्न शुभारम्भ परियोजनाका सामाजिक परिचालकहरुलाई परिचालन गरी माईकमार्फत बालबालिका स्याहार सम्बन्धि अभिभावकलाई शिक्षा दिन थालिएको हो। शुभारम्भ परियोजना संयोजक सन्ध्या सुवेदीले कुपोषण न्यूनिकरणका लागि टोल टोलमा गएर संचालन गर्ने सम्पर्क कक्षालाई लकडाउनका बेला स्थानिय रेडियो र हरेक वडामा कर्मचारीहरु खटाएर माइकिङ समेत गर्ने गरिएको जानकारी दिईन् । उनले भनिन्, लकडाउनको अवस्थामा बालबालिकाहरुको स्याहारमा कमी नहोस भन्ने उद्देश्यले माईकिङ गरेर सचेतना दिने गरिएको हो । टेलिफोन, रेडियो लगायतका संचारका साधनहरु नभएका टोलहरुमा माइकिङ अभिभावक शिक्षाका लागि निकै उपयोगी साधन बनेको छ। उनका अनुसार शुभारम्भ परियोजनाका सामजिक परिचालक र एलआरपीहरुले हातमा माईक लिएर गाँउको अग्लो ठाउँ गएर कथा भनेर खेलिने खेल, स्नेह र सामिप्यता, बालबालिकालाई उचित मार्गदर्शन सहितको हेरचाह, बालबालिकाको बिचार र भावना बुझ्नु, बालबालिकालाई शान्त बनाउने, बिरामी बालबालिकको हेरचाहको बारेमा जानकारी दिने गरिएको छ । गर्भा अवस्थादेखी ३ बर्षमुनीका बालबालिकाहरुको पोषण अवस्था



बालबालिकाको स्याहार सम्बन्धि सचेतना माईकमार्फत दिदैं। तस्विर : मिसन न्यूज

**बाँकी ८ पेजमा.....**

## समस्या आए अस्पताल लिनुहोस् : मुख्यमन्त्री

सुर्खेत-कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कोरोना भाइरसका जटिल प्रकृतिका सङ्क्रमितलाई विशिष्टीकृत अस्पताल पठाउन निर्देशन दिएका छन्। जिल्ला विपद् व्यवस्थापन केन्द्र कालीकोटको आज बसेको बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री शाहीले कोरोना सङ्क्रमण जटिल देखिएका बिरामीलाई प्रदेश सरकारले निर्धारण गरेका विशिष्टीकृत अस्पतालमा पठाउन निर्देशन दिएका हुन्।

प्रदेश सरकारले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, प्रदेश अस्पताल सुर्खेत र चौरजहारी सामदायिक अस्पताल रुकुमपश्चिमलाई विशिष्टीकृत अस्पतालका रूपमा तोकेको छ ।



उनले सामान्य सङ्क्रमितलाई नगरपालिकाकै आइसोलेसनमा व्यवस्थापन गर्ने, लक्षण देखिएका सङ्क्रमितलाई जिल्ला अस्पतालमा उपचार गर्ने गरी व्यवस्थापन गर्न सुझाव दिएका छन्। हरेक स्थानीय तहले ५०, जिल्लामा १०० शय्या आइसोलेसनको व्यवस्थापन गर्नुपर्नेमा बताउनुभएका मुख्यमन्त्री शाहीले कोरोना सङ्क्रमितको ओसारपसार गर्न जिल्लामा भएका सबै एम्बुलेन्स प्रमुख जिल्ला अधिकारीको मातहतमा राखी परिचालन गर्ने, हाल सञ्चालन रहेका एम्बुलेन्स अपुग भएमा ठूला गाडी भाडामा लिएर व्यवस्थापन गरिने बताए । पिसीआर परीक्षणको दायरा बढाउने जनाउँदै उनले कोरोना महामारीले निम्त्याएको विषम परिस्थितिसँग जुध्न अग्रभागमा रहेर काममा निर्वाध लागिरहेका चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मीलाई धन्यवाद दिएका थिए । सबैले आ-आफ्नो क्षेत्र एवं तहबाट सरकारले जारी गरेका नियम, नीति, निर्देशनको पालना गर्दै अघि बढे कोरोनासँगको लडाइँ सुनिश्चित हुने उनको भनाइ थियो। कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि जिल्लामा गरिएका पहलबारे प्रमुख जिल्ला अधिकारी चन्द्रपसाद गैरेले मुख्यमन्त्री शाहीलाई जानकारी गराए ।

## आईसोलेसनमा सामाग्री हस्तन्तरण

**मिसन न्यूज**

**कालिकोट**

कालिकोट जिल्लाको सदरमुखकाम मान्ममा र हेको कोरोना अस्पतालमा आज कोरोना पोजेटिभ देखियका व्याक्तिहरुलाई पानि तताउने भाडाँ सहयोग गर्नुका साथै फललफुल बितरण गरेका छन् । फल,फुल लिएर कोरोना संक्रमित व्यक्तिहरुको अवस्थावारे जानकारी पाउन नेपाल कम्युनिष्ट पार्टी निकट कालीकोटका अनेरास्ववियू केन्द्रिय सदस्य भिम प्रसाद आचार्य,अनेरास्ववियू जिल्ला संयोजक मनसिंह शाहि , अनेरास्ववियू विद्धयार्थि नेता हिक्मतजं मल्ल , अनेरास्ववियू जिल्ला सदस्य नरेन्द्र आचार्य लगाएतले फलफुल र पानि तताउने जग तगाएत सामाग्री सहयोग गरेका हुन् ।



आँप,केरा,स्याउ,कागति लगाएतका फलफुल ल्यायर उनिहरुको अवस्था वुझ्नको लागि आज कोरोना अस्पताल पुगेका थिए ,विरामिहरुको अवस्था कस्तो छ। कुनै खालको समस्या छ वा छैन भनेर वुझ्दा उनिहरुले छुट्टै सौचालयको व्यवस्था नभएको,समयमा खाना उपलव्ध नभएको,समयमा स्वास्थ्य परिक्षण हुने नभएको,आफ्ना समस्या राख्दा स्वास्थ्यकर्मि रिसाउने गरेको,विरामिको मोनोवल उच्च वनाउने नभई उल्टै मोनोवल गिराउने व्यवहार देखाएको उनिहरुले आरोप लगाएका छन । विद्धयाथि नेताहरुले सामाजिक दुरीलाई प्रयोग गर्दै उनिहरुका समस्यावारे जानकारी लिई आगामि दिनहरुमा आउने स साना समस्यालाई सावधान गर्ने वताएका छन । आईसोलेसनमा देखिएका सामान्य समस्या समाधानका लगाी सम्वन्धित निकाय सग छिटै कुरा राख्ने वताएका छन । संघियताका कारण लामो समय देखि सदरमुकाम मान्ममा खालि रहेको एकिकृत भवनमा जिल्ला अस्पतालले ५० वेडको आईसोलेसन कक्ष निर्माण गरेको छ। कालीकोट जिल्लामा भारतवाट आएका धेरै नागरिकहरु क्वारेन्टाईनमा वसिरहेका छन् धेरैको अहिले सम्म पिसिआर भएको छैन् उनिहरुको समयमा स्वास्थ्य जाचगरि संक्रमित भएकालाई वचाउनु अहिलेको चुनौति भएको छ ।

# सम्पादकीय...

## तरकारीमा बिचौलिया किन ?

कडा मेहेनत गरी उब्जाइएको तरकारी हाल ठाउँ-ठाउँमा नष्ट गर्ने कार्य भइरहेको दुःखद दृश्य टुलुटुलु हेरेर बस्नुपरेको छ । दिन-रात, घाम-पानी नभनी महिनौं लगाएर उब्जाइएको तरकारी उपभोग गर्ने बेलामा छिनभरमा नै नष्ट गरिएपछि आम किसानको मन अति नै रोएको छ । उनीहरू हतोत्साही भएका छन् । केही मुठीभर व्यक्तिले किसानले परिश्रम गरी उब्जाएका तरकारीलाई खाल्डो खनी केही मिनेटमा नै पुरिदिएपछि आम नेपालीको मन खिन्न हुनु स्वाभाविकै हो । तरकारीमा पनि सिन्डिकेट गरी किसानको परिश्रमलाई लुट्न खोज्ने दलाललाई सरकारले केही नगरी बचाउ गर्ने वातावरण तयार गरेका कारण कृषिलाई मान्यता दिने भनी सम्बन्धित निकायले गरेको प्रतिवद्धता खोक्रो सावित भएको छ । उब्जाइएको तरकारीलाई बिक्री गर्ने उद्देश्यले अन्य ठाउँमा लगेपछि स्थानीय दलालले कोरोना भाइरस सर्ने नाउँमा नष्ट गर्ने कार्य मुलुकको विभिन्न ठाउँमा हुने गरेको छ । यसरी तरकारी नष्ट गर्ने कार्य प्रहरी कार्यालयको अगाडि तथा जिम्मेवार निकायको आँखाअगाडि भए पनि उनीहरूले त्यस्ता अपराधिलाई कुनै कारबाही गरेका पाइँदैन । उल्टै प्रत्यक्ष(अप्रत्यक्षरूपमा उनीहरूलाई संरक्षण गरेको देखिन्छ । नेपालको संविधानको धारा ५१ को खण्ड (ङ) को (५) मा कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने व्यवस्था गरिएको छ । संविधानमा भएको यो नीतिलाई सरकारले पालना गर्दै जानुपर्ने हो, तर किसानले दुःख पाएको देख्दा यस्तो व्यवस्था संविधानमा छ कि छैन भनेर सरकारलाई नै थाहा छैन होला भनेर अनुमान गर्दा उचित नै होला जस्तो लाग्छ । कोभिड-१९ को महामारी फैलिएपछि नेपाली किसानले उब्जाउ गरेका तरकारी बिक्री नभएर बारीमा नै सड्ने गरेका प्रशस्त देख्नु र सुन्नु परेको थियो । पछिल्लो समयमा नेपालीले उब्जाउ गरिएका तरकारी बिक्री गर्न लगेको अवस्थामा खाल्डो खनेर पुरेको घटना देख्न र सुन्न परेको छ । नेपालमा भारतीय भूमिमा उब्जाउ गरिएका तरकारी निर्वाधरूपमा आउने तर स्वदेशमा उब्जाउ भएका तरकारी नष्ट भइरहेको अवस्था जनाई सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको थियो । रिट निवेदनमा स्वदेशमा उब्जाउ भएका तरकारीलाई प्राथमिकता दिनुपर्ने जस्ता माग गरिएको थियो । सर्वोच्चले झन्डै तीन साताअघि नेपाली तरकारीलाई बजारमा प्राथमिकता दिन अन्तरिम आदेश दिएको थियो । तर, यस्तो आदेश हुँदा पनि नेपाली तरकारीले माटोमा पुरिनुपर्ने अवस्था भइरहनु निश्चय नै दुःखद विषय हो । सरकारले किसानको पीरमर्का बुझेर सोहीबमोजिम व्यवहार गरे निश्चिय पनि नेपाल तरकारीमा आत्मनिर्भर हुनेछ । यसका लागि सरकारले भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्न सरकारले ध्यान दिनुपर्छ । त्यसपछि उत्पादित तरकारीलाई बजारसम्म पुऱ्याउन देखिएका अवरोध हटाउन पनि सक्नुपर्छ । यस्ता अवरोध बिचौलिया पनि हुन् जसले किसानको मेहनतलाई छिनभरमा खतम गरिदिन्छन् । यी र यस्ता विषयमा ध्यान दिएमा नेपाल तरकारीमा आत्मनिर्भर हुने सत्यलाई नबिर्सौं ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## क्वारेन्टाइन व्यवस्थापनका लागि सामाग्री हस्तान्तरण

**मिसन न्यूज**
**कालिकोट**

जिल्लाको तिलागुफा नगरपालिका र नरहरिनाथ गाउँपालिकालाई क्वारेन्टाइन व्यवस्थापनका लागि सामाग्री हस्तान्तरण गरिएको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को संक्रमण फैलिन नदिनका लागि स्थानीय तहले बनाएका क्वारेन्टाइनको व्यवस्थापनका लागि सेभ द चिल्ड्रेन र भिडिसेफ नेपालको साझेदारीका युवा शसक्तीकरण बुलगारी परियोजनामार्फत मानिसहरुको व्यक्तिगत सरसफाइका लागि ती सामाग्रीहरु सहयोग गरिएको बताए । जिल्लाका ९ वटै स्थानीय तहमा ३ हजार २ सय २२ जना भारतबाट आएका मानिसहरु क्वारेन्टाइनमा र हेका छन् ।

नरहरीनाथ गाँउपालिकामा २ सय ६५ जना र तिलागुफा नगरपालिकामा ४ सय ६१ जना मानिसहरु क्वारेन्टाइनमा रहेका छन् । सामुदायिक विद्यालय र कतिपय खुला ठाँउमा पालमुनि र



सामाग्रीहरू हस्तान्तरण गरिएको हो । जिल्लाका दुई वटा स्थानीयत तहलाई लाइफबाइ साबुन १ हजार २ सय पिस, लिक्यूट १ सय २५ पिस र धारासहितका बाल्टिन ७६ पिस गरी एक लाख एक हजार बराबरको सामाग्री भिडिसेफ नेपालका कार्यबाहक अध्यक्ष नेत्र देवकोटाले पालिकाका प्रतिनिधिहरुलाई हस्तान्त्रण गरेका छन् । उनले विपद्को समयमा क्वारेन्टाइनमा राखेका हेका मानिसको व्यवस्थापन गर्न सकस छ । भिडिसेफ नेपालका व्यवस्थापक राजेन्द्र सहकार ीले भने, 'क्वारेन्टाइनमा रहेका मानिसहरुको स्वास्थ्यमा थप समस्या नहोस् भनेर सरसफाइका लागि ती सामागग्रीहरु सहयोग गरिएको हो । यसअघि हामीले ती स्थानीय तहलाई सिरक, डस्नासहितका सामाग्रीहरु पनि सहयोग गरेका थियौं ।'

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# अमानवीय घटनामा राजनीति हावी हुने डर पैदा गरेको त्यो यात्रा



जगतदल जनाला विक

विश्वव्यापी रुपमा फैलिएको महामारी कोरोना भाईरस (कोभिड-१९) को रोकथाम र जोखिम नियन्त्रणका लागि सिंगो देश नै लकडाउन गरिएको छ। लकडाउनका कारण उद्योगी, व्यवसायीहरु, शैक्षिक क्षेत्रलगायतमा संलग्न अधिकांश मानिसको दैनिकी ठप्प भएपनि मेरो भने निरन्तर चलिरहेको छ। मेरो जस्तै पेशा भएका मानिसको दैनिकी बन्द गर्न 'कोरोना महामारी'ले सक्दैन, न त अन्य कुनै विपद्ले । झन् सक्रीय हुनुपर्छ । बन्दाबन्दीका कारण देशको अर्थतन्त्र खस्किँदै गएका बेला समाजमा अनेकथरी अमानवीय घटना पनि भईरहेका छन्। बन्दाबन्दी सुरु भएको ठ्याक्कै दुई महिनापछि रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ मा अमानवीय घटना भयो । नरसंहारका रुपमा मानिएको यो सोती घटनामा ६ जना युवाको मृत्यु भएको छ।

सोतीकी मल्ल थरकी केटी भगाउन गएका जाजरकोटको खलंगाका विश्वकर्मा थरका केटासहित उनीसँग गएका ५ जना अरुको पनि मृत्यु भएको यो घटनालाई 'जातीय विभेदको पराकाष्ठा'का रुपमा लिइएको छ । मानव अधिकारकर्मी, दलित अधिकारकर्मी, सञ्चारकर्मीलगायतको मुख्यगरी ध्यान खिचेको यो घटनाबारे स्थलमै पुगेर बुझ्न हाम्रो यात्रा पनि तय हुन्छ । जेठ १० गते भएको घटनामा मृत्यु भएका सबैको शव २० गते बेलुकासम्म फेला परिसकेको थियो । जेठ २१ गते बेलुकाको ७ बजेको थियो । मोवाईलको घण्टी बज्यो । गोपाल बराईली, जो राष्ट्रिय दलित पत्रकार संघ नेपालको केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ। उहाँले भोलीपल्ट (२२ गते) जाजरकोट जाने कुरा गर्नुभयो । म पनि राष्ट्रिय दलित पत्रकार संगठन सुर्खेतको जिल्ला अध्यक्ष र सुर्खेत जाजरकोटबाट नजिक, त्यति मात्र नभई कर्णालीको राजधानी सुर्खेत नै भएकाले सायद गोपाल सरले म पनि त्यहाँ जानु उपयुक्त ठान्नुभयो होला । मैँले मेरो अनलाईनको प्रधानसम्पादक रमेश शाहीलाई टेलीफोनमा आफू जाजरकोट जानुपर्ने बारेमा जानकारी गराएँ। कोरोनाको प्रकोप फैलिरहेकाले उहाँले आफू सुरक्षित भएर जान सुझाउनुभयो । गोपाल बराइली सरले टेलिफोनमा भने अनुसार हामी बिहान ८ बजे सुर्खेतबाट जाजरकोटतर्फको यात्रा सुरु गऱ्यौं । राष्ट्रिय दलित पत्रकार संघ कर्णाली प्रदेशका अध्यक्ष खगेन्द्र सुनारको गाडीमा केन्द्रीय सदस्य तथा पत्रकार महासंघ सुर्खेतका कोषाध्यक्ष टेकेन्द्र विश्वकर्मा र मेरो यात्रा सुरु भयो । काठमाडौंबाट जाजरकोट पुग्न आउनुभएका गोपाल बराइलीसहितको समुहलाई हामीले छिन्चुमा भेट्यौं । त्यहाँ चिया खाईसकेपछि हामी ९ बजे छिन्चुबाट जाजरकोटका लागि गयौं। बराईली सरसँगको टिम अगाडि, हामी पछाडि थियौं।

जहरे पुगेपछि खगेन्द्र दाईलाई कर्णाली प्रदेशमा कार्यरत प्रहरीका एक उच्च अधिकारीको फोन आयो। उहाँहरुको टेलिफोन संवादपछि मैँले संवादबारे सोधेँ । खगेन्द्र दाईले कुरा लुकाउँदै 'त्यस्तो केही होईन, तिमीहरु जाजरकोट गएको भन्ने माथीबाट जानकारी आएको खबर गर्नुभयो' भन्नुभयो। कुरा लुकाएको बालुवा संग्रही पुगेपछि थाह भयो। सुर्खेत र सल्यानको सिमानामा पर्ने बालुवा संग्रहीमा रहेको प्रहरी पोष्ट अगाडि एक जना प्रहरी जवान हातमा प्रवेश पुस्तिका लिएर उभिईरहेका थिए। उनले हामी चढेको खगेन्द्र दाईको गाडीको नम्बर प्लेट राम्रोसँग हेरे । फेरि त्यो पुस्तिकामा हेरे। त्यसपछि फेरी मोवाईलमा हेरे। अनि खगेन्द्र दाईलाई सोधे । तपाई खगेन्द्र सुनार हो ? ति प्रहरी जवानले मोवाईलमा खगेन्द्र दाईको तस्विर हेरेका रहेछन्। 'हजुर म नै हो सर' खगेन्द्र दाईले जवाफ दिनुभयो। 'तपाईहरुको गाडी यहाँभन्दा अगाडि बढ्न सक्दैन' ति प्रहरीले भने । 'हामी पत्रकार हो सर, हामी सोती घटनाका विषयमा रिपोर्टिङका लागि जाजरकोट जाने हो।' यसो भन्दै उहाँले आफ्नो पर्सबाट सूचना विभागबाट प्राप्त कार्ड निकालेर देखाउनुभयो । उक्त कार्ड भएपछि लकडाउन, कर्फ्यु जस्तो अवस्थामा पनि पत्रकारले कुनै पनि ठाउँमा रिपोर्टिङका लागि जान मिल्ने थियो। तर ति प्रहरीले माथीको आदेश छ भनेर हाम्रो गाडी रोकिराखे । हाम्रो गाडीभन्दा पछाडि आएका युट्युब सञ्चालकहरुलाई भने जान दिईयो। केही समय कुरेपछि खगेन्द्र दाईले मसँगै बसेका भिम परियार र मलाई अलि अगाडिसम्म हिँडेर जान आग्रह गर्नुभयो । हामी पैदल अगाडि बढ्यौं । हामी हिँड्दै थियौं । बराइली सर चढेको गाडी आयो।

त्यसमा पत्रकार भिम घिमिरे, अधिवक्ता बद्री प्रसाद भुषाल, दलित पत्रकार संघ प्रदेश ५ का अध्यक्ष चिन्ता परियार, समता फाउण्डेशनका गोपाल नेपाली पनि हुनुहुन्थ्यो। मैँले बराइली सरलाई सबै कुरा बताईसकेपछि उहाँले हामीलाई पनि त्यही गाडीमा बस्न भन्नुभयो । प्रहरीले आउन दिएपछि आउने भन्नुभएको खगेन्द्र दाई र टेकेन्द्र दाई आउन सक्नुभएन। उहाँहरुलाई जाजरकोट आउनै नदिने प्रपञ्च रचिएको रहेछ । आसपासका केही जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु बाट नै उहाँहरुलाई जाजरकोट पुग्न नदिने आदेश रहेछ। हामी दिउँसोको ३ बजे जाजरकोटको मटेला भन्ने ठाउँमा पुग्यौं । जहाँबाट खलंगाको मानिस चौरजहारी जाने मुख्य झोलुंगे पुल छ। सोती घटनामा ज्यान गुमाएका गोविन्द शाहीको घरमा गयौं । गोविन्दका आफन्तसँग र केही छिमेकीसँग कुरा गऱ्यौं। ४ बजेसम्म हामीले खाना खाएका थिएनौं। खलंगा पुगेर एउटा होटलमा खाना खायौं। पत्रकार महासंघ जाजरकोट शाखाका पदाधिकारीसँग सोती घटनाका बारेमा भेटवार्ता गऱ्यौं । प्रमुख जिल्ला अधिकारी जनकराज पन्त, जिल्ला प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक किशोर श्रेष्ठसँग पनि एक घण्टा जति छलफल गऱ्यौं । भेटका क्रममा सत्यतथ्य छानविन हुने आश्वासन उहाँहरुबाट मिल्यो। भोलीपल्ट २३ गते बिहान जाजरकोटका दलित अगुवा र अधिकारकर्मीहरुसँग पनि घटनाका बारेमा कुराकानी भयो। त्यसक्रममा घटनालाई तोडमोड गर्न खोजिएको दलित अधिकारकर्मीहरुले बताए। केटी भगाउन जाँदा ज्यान गुमाएका नवराज विकको घरमा पनि गयौं। उनीहरुले न्याय पाउने आशा कमै भएको बताए। गोपाल सरको टिमले घटनामा ज्यान गुमाएका अरु टिकाराम सुनार, गणेश बुढा र लोकेन्द्र सुनारका परिवारलाई पनि भेट्ने कुरा भयो। म र मसँग गएको साथी भिम सुर्खेततर्फ हिँड्यौं। हामी दुईजनालाई उहाँहरु नै आएको गाडीले खगेन्द्र दाईको गाडी प्रहरीले रोकेको ठाउँ बालुवा संग्रहीसम्म पुऱ्याईदियो। खगेन्द्र दाईको गाडीमा वीरेन्द्रनगर फर्कियौं । पीडकले पाउनुपर्ने न्यायको लागि साथ दिन जाजरकोट जाने यात्रा तय गर्नुभएका खगेन्द्र दाई आधा बाटो नपुग्दै बरैबाट फर्किनुपऱ्यो। उहाँको गाडी हामीलाई बालुवासंग्रहीसम्म पुऱ्याउन र त्यहाँबाट सुर्खेतसम्म ल्याउन मात्र काम लाग्यो। गाडीको नम्बर र उहाँको फोटोसहित प्रहरी जवानलाई दिएर रोक्न लगाएको दृश्यले मलाई सोती घटनाका पीडकलाई कारबाही र पीडितलाई न्यायविना साम्य पार्न खोजिएको लक्षण जस्तो अनुभव गरायो । अमानवीय घटनामा राजनीति हावी हुने डर पनि पैदा गरायो। कर्णाली सन्देशबाट

# कालिकोटमा ३ जना कोरोना संक्रमित थपिए

मिसन न्यूज
कालिकोट




जिल्लामा थप तीन जनामा कोरोनाको पुष्टि भएको छ। जिल्लाको खाँडाचक्र नगरपालिका वडा नं. ९ का ३० वर्षीय पुरुष, वडा नं. १० का २४ वर्षीय पुरुष र महाँवै गाँउपालिका वडा नं ५६ वर्षीया पुरुषमा कोरोनाको पुष्टि भएको हो। जिल्लाबाट स्वाब संकलन गरी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा पिसिआर जाँच गरिएका थप तीन जनामा कोरोना पुष्टि भएको हो। यसअघि जिल्लाको महाबै र शुभकालिका गाँउपालिकाका २५ जना र एक जना बाजुराका गरी २६ जना कोरोना पुष्टि भएको थियो। उनीहरुलाई जिल्ला सदरमुकाममा रहेको आइसोलेशनमा राखिएको छ। स्वास्थ्य सेवा कार्यालयका अनुसार जिल्लाका ९ वटै स्थानीय तहमा ३ हजार २ सय २२ मानिसहरु क्वारेन्टाइनमा राखिएका छन्। हालसम्म १ हजार ६ सय ७ जनाको मात्र स्वाब संकलन गरिएको छ। स्वाब संकलन गरिएका झण्डै एक सय जनाको रिपोर्ट आउनै बाँकी छ। परीक्षण गरिएका मध्ये जिल्लाका चार वटा स्थानीय तहमा कोरोना पुष्टि भएपछि गाँउ(गाँउमा कोरोनाको त्रास बढेको छ। ग्रामीण स्तरका अव्यवस्थित क्वारेन्टाइनमा राखिएका मानिसमा पनि कोरोना पुष्टि भएपछि धेरै मानिसमा कोरोना संक्रमण फैलिएको आशंका गरिएको छ।







## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

# पुर्ब पिएलए कमान्डरद्धारा २०६ घरलाई राहत बितरण

मिसन न्यूज
कालिकोट

पुर्ब पि एल ए कमान्डर कल बहादुर बम उमेशले २०६ घरलाई साद्य सामाग्री सहितको राहत बितरण गरेका छन । असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असाहयलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड-२०७६ अनुसार बमले राहत वितरण गरेको हो ।

सामाजिक दुरी कायमगरी विश्वमहामारीका रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण गर्न सरकारले गरेको बन्दाबन्दी लकडाउन बाट ज्याला मजदुरी गरेर आएको पैसाले किनेर छाँक टार्न बाध्य श्रमिक तथा असाहय व्यक्तिका घरपरिवारलाई राहत स्वरुप खाद्यन्न वितरण गरेको वडा सचिब कलम बम कसमले जानकारी दिनुभयो । उहाँका अनुसार २ सय ६ घरधुरी संख्या रहेको पलाँता गाउँपालिका वडानं ७ को वडा कार्यलय दुर्सीमा राहत स्वरुप खाद्यन्न वितरण गरिएको बमको भनाई रहेको छ । एउटा घरमा ३० किलो चामल वितरण हामीले चामल, तेल लगाएतका सामाग्री वितरण गरेका छौं । २०६ घरधुरीमा प्रतिपरिवार ३० किलो बितरण गरेको बताइएको छ





## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगर पालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

रास्कोट नगरपालिका
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साँझ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# टिप्पर दुर्घटनामा २ जनाको शव भेटियो, ६ बेपत्ता

मिसन न्यूज

कालिकोट

कालिकोटमा भएको टिप्पर दुर्घटनामा २ जनाको शव फेला परेको छ । जिल्लाको नरहरिनाथ गाउँपालिकाबाट रास्कोट नगरपालिकातर्फ गइर हेको ना ८ ख ५१३३ नम्बरको टिप्पर रास्कोट नगरपालिकाको त्यागिलमा दुर्घटना भएको हो । कर्णाली करिडोरस्थित त्यागिलको मन्दिर छेउबाट टिप्पर कर्णाली नदीमा खसेको हो । नदीमा ६ जना बेपत्ता रहेको कालिकोट प्रहरीले जनाएको छ ।

भारतबाट फर्किएका रास्कोट नगरपालिकाका ३९ जना बोकेको टिप्पर कर्णाली नदीमा खसेको हो। दुर्घटनाबाट घाइते ९ जनालाई जिल्ला अस्पताल कालिकोट पठाईएको स्थानीय सञ्चारकर्मी दान खत्रीले जानकारी दिए । २२ जना भने सकुसल छन् । मृतकको सनाखद हुन बाँकी छ । मृतक दुवैजनालाई कर्णाली नदीबाट निकालिएको हो । दुर्घटनाको कारण खुलेको छैन । स्थानीय नागरिकका अनुसार गाडी चालक र क्वारेन्टाइनमा बस्नका लागि रास्कोटतर्फ जाने नागरिकहरूबीच झडप भएको थियो। सवारी चालकलाई धम्काएर , 'मलाई पनि गाडी चलाउन आउँछ, गाडी छिटो चला', भन्दै धम्काएर टिप्पर चालकलाई कुटपिट गरेका थिए । स्थानीय दानबहादुर खत्रीले घटनास्थलबाट जानकारी दिए ।



## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाऔँ र नखुऔँ ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रूपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैंक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# उडान छानबिन समिति गठन

मिसन न्यूज
काठमाडौं

सरकारले चार्टर्ड उडानका नाममा यात्रुसँग बढी भाडा लिएको गुनासोका सन्बन्धमा सत्यतथ्य पत्ता लगाउन छानबिन समिति गठन गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले हङकङ र जापान जान अनुमति पाएका नेपाली र विदेशी नागरिकको चार्टर्ड उडानमा ट्राभल एजेन्सीले यात्रुबाट अस्वभाविक रुपमा बढी रकम



लिई टिकट बिक्री गरेको भनी आएको गुनासोबारे छानबिन गर्न मन्त्रालयका सहसचिव सुरेश आचार्यको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गरेको हो। समितिको सदस्यमा पर्यटन विभागका निर्देशक सुरेन्द्र थापा, नेपाल नागरिक उड्डयन प्राधिकरणका हवाई यातायात महाशाखा प्रमुख सदस्य र पर्यटन मन्त्रालयका उपसचिव राजन नेपाललाई सदस्य सचिवको जिम्मेवारी दिइएको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। सो सम्बन्धमा जहाज चार्टर्ड गरी यात्रु ओसार्दा टिकट बिक्री गर्ने चार्टर्ड पार्टी एवं ट्राभल एजेन्सीले यात्रुसँग के कस्तो आधारबाट के कति भाडा लिएको हो सत्यतथ्य छानबिन गरी सात दिनभित्र प्रतिवेदन पेश गर्न भनिएको छ। साथै आगामी दिनमा विमान चार्टर्ड गर्दा जुन देशको लागि हो उक्त मुलुकको सम्बन्धित कूटनीतिक नियोगबाट यात्रुको नामावलीसहितको पूर्वस्वीकृति र यात्रुसँग लिने भाडा रकमसमेत खुलाएर मात्र चार्टर्ड उडानको लागि सम्बन्धित वायु सेवा कम्पनीमा निवेदन दिनसक्ने व्यवस्था गरिएको छ। भाडादर नखुलेको अवस्थामा र चार्टर्ड गरेको रकमको आधारमा विमान कम्पनीले नियमानुसार दिने कमिशन र अन्य मुलुकमा बुझाउनुपर्ने कर दायित्वको आधार प्रस्तावित भाडा दर उचित भएको देखिएमा मात्र चार्टर्ड उडान अनुमति प्रदान गरने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ। कोभिड १९ को कारण सिर्जित परिस्थिले गर्दा नेपालमा रहेका विदेशी तथा भिसा अवधि सकिन लागेका नेपाली यात्रुलाई उद्धार गर्ने क्रममा नेपाल एयरलाइन्सको जहाज हङकङ र जापान चार्टर्ड गर्दा ट्राभल एजेन्सीले धेरै पैसा लिएको यात्रुहरुको गुनासो रहेकोप्रति पनि मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ।

# प्रधानमन्त्रीद्वारा श्रमिकलाई तयारी अवस्थामा रहन आग्रह

एजेन्सी
थाइल्याण्ड

थाइल्याण्डका प्रधानमन्त्री प्रयुत चान-आ-चाले थाई श्रमिकहरूलाई कोभिड-१९ को महामारी सकिनासाथ कामका लागि विदेश जाने मानसिकता



बनाई तयारी अवस्थामा रहिराख्न आग्रह गरेका छन्। आफ्ना प्रवक्ता नारूमोन पिन्योसिनवात मार्फत दिएको निर्देशनमा कोभिड-१९ को महामारीपछि विदेशमा जानेगरी आफुलाई तयारी अवस्थामा राख्न आग्रह गरेका हुन्। प्रधानमन्त्री प्रयुत चान-ओ-चाले थाई श्रमिकलाई प्राविधिक तथा भाषागत सीपका साथै शारीरिक तन्दुरूस्ती र कागजातलाई अद्यावधिक गरिराख्न भन्दै बोलाएको अवस्थामा विदेश जानसक्ने हुन आग्रह गरेका छन्। नारूमोनले प्रधानमन्त्रीको भनाइबारे थप प्रस्ट पारे, 'कामदारको माग गर्ने मुलुकले कोभिड-१९ पछि ठूलो सङ्ख्यामा कामदारको माग गर्ने र तत्काल विदेश जान सक्नेगरी तयारी अवस्थामा रहनुस्। महामारीपछि वैदेशिक रोजगारीका अवसरहरू प्रशस्त हुनेछन्।' प्रवक्ताले प्रयुतलाई उद्धृत गर्दै भने, 'थाइल्याण्डमा चीनको ताइवान, दक्षिण कोरिया, मलेसिया, जापान र इजरायलजस्ता श्रमको विश्वबजारका लागि आवश्यक पर्ने जनशक्तिको उच्च माग हुने गरेको छ।' कोभिड-१९ को लडाईमा थाइल्याण्डको सफलता थाई श्रमिकमा हुने नैतिकता र अनुशासनका कारण विश्व श्रम बजारबाट थाइल्याण्डको जनशक्तिको बढी माग हुने बताइएको छ। थाइल्याण्डका लागि कुवेती राजदूत अब्दुल्ला नामा अब्दुल्ला अलशरानले प्रधानमन्त्री प्रयुतसँग सोमबार भेट गरेको र थाइल्याण्डबाट कोभिड-१९ का कारण फिर्ता भएका कामदारहरूलाई भवन निर्माण तथा अन्य पूर्वाधारका क्षेत्रमा सहयोग गर्नेगरी माग हुने सङ्केत गरेको बताइएको छ। थाई सरकारले महामारीपछि करिब एक लाख श्रमिकलाई विदेश पठाई राष्ट्रिय अर्थतन्त्रमा करिब एक खर्ब ४० अर्ब थाई भाट (चार अर्ब ४५ करोड अमेरिकी डलर) को योगदानको अपेक्षा गरेको प्रवक्ताले बताए।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | शुभ समाचार सुन्न पाइनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। वाहन लाभको योगपनि छ। मध्य सातामा नजिकका व्यक्तिबाट कार्यमा बाधा आउनेछ। |
| वृष : | कार्य सम्पादनमा समस्या आउला। नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन। वैदेशिक क्षेत्र कमजोर रहनेछ। सामान हराउने वा चोरी हुने भयछ। साताको अन्त्यमा रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| मिथुन : | यो साता सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ। रमाइलो यात्राको योग रहेको छ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। वाहन लाभ पनि हुनेछ। मध्य सातामा विचार पुर्याएर निर्णय लिनु राम्रो होला। |
| कर्कट : | यो साता रोकिएका अधूरा काम पुनः सुरु हुन सक्छन्। धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। ठुला व्यक्तिले तपाईको मेहनतको प्रसंसा गर्नेछन्। मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ। फलदायी यात्रा र शुभकार्यको चर्चा चल्नेछ। |
| सिंह : | यो साता शुभकार्यको चर्चा चल्नेछ। मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिनेछ। लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन्। |
| कन्या : | यो साता मनमा वैराग्यको भावना पलाउन सक्छ। नियमित खर्चसमेत बढ्ने योग छ। व्यवसायमा मन्दी आउनेछ। सामान हराउने वा चोरी हुने सम्भावना छ। सोमवारबाट धन र व्यवहारमा फाइदा हुनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| तुला : | अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भाईनेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ। चिताएको कामले तीव्रता लिनेछ। अतिथिका रूपमा सम्मान पाइनेछ। साताको अन्त्यमा घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ। झंझटिलो कार्यमा समय खेरा जाला। |
| वृश्चिक : | यो साता धार्मिक र सांस्कृतिक र शुभ कार्यमा सरिक हुने सम्भावना छ। स्वादिष्ट भोजनपनि पाईनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। आफन्त संग रमणीय र सुखद् यात्राको योग छ। मध्य सातामा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। एक किसिमको निरसतापनि आउन सक्छ। |
| धनु : | यो साता नयाँ र शुभकार्यको चर्चा चल्नेछ। कामगर्ने जोश,जाँगर र हिम्मत बढ्नेछ। मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। तिर्थाटनको योगपनि रहेको छ। साताको अन्त्यमा ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। |
| मकर : | स्फूर्ति र उमङ्गको कमी हुनेछ। कार्मक्षेत्रपनि घर्षशील रहनेछ। सौन्दर्यतामा धन खर्चपनि हुनेछ। जीवनसाथी संग राय बाजिनेछ। विहिवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ। |
| कुम्भ : | बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ रोकिएको धन हाता पर्न सक्छ र सुखद् यात्राको योगपनि छ। |
| मीन : | यो साता आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। धार्मिक,सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। वाणिज्य क्षेत्रबाट विशेष लाभ रहनेछ। परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ। |

# स्वास्थ्य सन्देश फैलाउदै......................

सुधार गर्ने उद्देश्यले गाँउ गाँउमा अभिावकहरुलाई सन्तुलित भोजनका बिषयमा पनि जानकारी दिने गरिएको छ ।

माईकबाट दिईने अभिभावक शिक्षा घरमा खान पकाउदै, खान खादै, घरको काम गर्दै गरेका मानिसहरुले सहजै सुन्ने र व्यवहारमा प्रयोग पर्ने गर्ने गरेका छन् । स्थानिय पूर्णकला शाहीले आफुहरुले गाँउमा बालबालिकाहरलाई कसरी स्याहार गर्ने भन्ने बिषयमा माईकबाट जानकारी दिने गरेको बताईन्। उनले भनिन्, नगरपालिका र संस्थाका कर्मचारी पहिले गाँउमै आएर यसबारे सिकाउने गरेका थिए । अहिले लकडाउनका कारण माथि डाँडाबाट माईकबाट सल्लाह दिन्छन्। हामीले अहिले उनीहरुले सिकाए अनुसार बालबालिकालाई समय दिएर स्याहार गर्ने गरेको उनले बताईन्। भिडिसेफ नेपालका व्यवस्थापक राजेन्द्र सहकारीले लकडाउनका बेला बालबालिकाको खानपीन तथा अन्य स्याहारका बिषयमा ख्याल गर्नु पर्ने कुराहरु माईकबाट सिकाउने कार्य निकै उपयोगी भएको बताए ।

## सर्म्पुणमा अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पु¥याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**शुभकालिका गाउँपालिका**

**कालिकोट**

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

**भोजपुरी भाषामा**

हमनीसबके जिम्मेवारी, कोरोना भाइरस संक्रमणके रोकेला अपनावल जाऊ होसियारी:

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण ह ।
- संक्रमित भइल आदमी खोकला आ छिंकला समयमे निकलल थुक आ पोटाके माध्यमसे एक आदमीसे दोसर आदमीमे यी भाइरस सरेला आ फैलेला ।

**यी रोगसे बचैके का कर परि ?**

- खोकैके आ छिंकैके समय नाक आ मुख निमनसे तोपेके । आ प्रयोग कइलगेल टिसूपेपरके तुरन्त फोहोर विगेवाला कुडादानीमे विगैके ।
- समय समयमे सावुन पानीसे अच्छासे मलमलके हात धायैके आ सेनिटाइजर हातमे लगाबैके । केकरोसे मिलजाइके समय हात नमिलावैके । मात्र प्रमाण आ नमस्कार करेके ।

**आ, काथि ना करैके ?**

- खोकी लागेल आदमीसे दुरी बनाके रहैके ।
- आ अपनहूके खोकी लागलबा त दोसरो आदमीसे दुरीमे रहेके ।
- भीडभाडमे नजायके आ दोसोरो लोगके भीडभाडभेल जगहमे नजायला सम्झावेके ।

**आ ध्यान देवेवाला वातः**

- बोखार लगलापर, खोकी अइलापर, आ सँस लइवेमे दिकत भैलापर जल्दिही नजदिकके स्वास्थ्य केन्द्रमे सम्पर्क करेम ।
- कोरोना भाइरस रोगके बारेमे औरी जानकारी लेल पैसा नालागेवाला टेलिफोन नं. ११११५ मे फोन कर सकैनि ।
- मत हडवडाई, और सतर्क बनी ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत